पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन २६ गते सोमबार ❑ 10 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## प्रदेश र स्थानीय सरकारलाई साथमा लिएर सङ्घीय सरकार अघि बढ्छ : प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, २५ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेश सरकार र स्थानीय सरकारलाई साथमा लिएर सङ्घीय सरकार अघि बढ्ने बताउनुभएको छ।

सुदूरपश्चिम प्रदेशसभाको आइतबार बसेको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले देशमा उत्पन्न विविध अफ्ठेरा एवं व्यवधानका चुनौतीलाई सामना गर्न सबै प्रदेश सरकार र स्थानीय सरकारलाई साथमा लिएर अघि बढिने स्पष्ट पार्नुभयो।

उहाँले उद्यमशीलताको विकास गरी रोजगारीका अवसर सिर्जना गर्ने कामलाई अगाडि बढाउनुपर्ने बताउनुभयो । प्रदेशलाई आधुनिक, विकसित, समृद्ध बनाउन र सुशासन कायम गर्न पहल हुनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "छिट्टै रोजगार प्रवर्द्धनका लागि हुन लागेको सम्मेलनमा सुदूरपश्चिम प्रदेशको पनि सहभागिता जरुरी छ ।" प्रधानमन्त्री ओलीले अघिल्लो सरकारको पालादेखि बिग्रिएको देशको अर्थतन्त्रलाई लयमा फर्काउन सरकारले प्रयास गरिरहेको बताउनुभयो । उहाँले आफू प्रदेशका समस्यासँग जानकार रहेको उल्लेख गर्दै कैलालीको गेटा मेडिकल कलेजलाई मेडिकल विश्वविद्यालयका रूपमा छिट्टै सञ्चालन गरिने बताउनुभयो । टनकपुर सम्झौता गर्दा बिग्रिएको पञ्चेश्वर परियोजनालाई सुधारेर अघि बढेको, खुटिया-दिपायल-चैनपुर जाने बाटो महाकाली करिडोर, दार्चुलाको तिङ्करसम्म बाटो बनाउनेजस्ता विकासका काममा सरकारको ध्यान गएको उहाँले बताउनुभयो।

सभ्यता, संस्कृति र विनम्रताको संस्कार भएको हाम्रो देशमा नराम्रो संस्कार देखाउने, असभ्यता देखाउने बाटोमा धकेल्ने प्रयास भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो, "समाजमा सभ्य, शालीन उन्नत संस्कृति स्थापित गर्न सबै लाग्नुपर्छ ।" लोकतन्त्र, संविधान र कानुन नमान्ने प्रवृत्ति बढेको तथा अस्थिरता र अराजक क्रियाकलापले देश अफ्ठेरोमा पर्न लागेकाले लोकतान्त्रिक विधि र कानुनअनुसार देश चल्नुपर्ने उहाँले बताउनुभयो । प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपालको संविधान कसैले दिएको नभई जनताको बलिदानीसहित संविधानसभाबाट बनेको संविधान हो, अराजकताको बाटोबाट हिँडेर कसैले केही प्राप्त गरिहाल्छु भन्ने सपना नदेखे हुन्छ ।" सुशासन र विकासका लागि सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ थियो। कांग्रेस र एमालेको अहिलेको सरकारले सहमतिबमोजिम पूरा समय काम गर्ने प्रधानमन्त्री ओलीले बताउनुभयो। प्रदेशलाई विकसित एवं समृद्धिको दिसामा लैजाने काममा लाग्न उहाँले प्रदेशसभा सदस्यहरूलाई आग्रह गर्नुभयो।

## काठमाडौँमा पूर्वराजालाई स्वागत



**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

पूर्वराजा ज्ञानेन्द्र शाह पश्चिम नेपालको केही समयको भ्रमण पूरा गरी आइतबार काठमाडौँ फर्किनुभएको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट बाहिरिने क्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत राजनीतिक दलका नेता तथा कार्यकर्तासहित पूर्वराजा समर्थित व्यक्ति तथा सङ्घसंस्थाले उहाँलाई स्वागत गरेका थिए । पूर्वराजाको स्वागतमा विमानस्थलको मूल ढोकाबाहिर उभिएका अधिकांशको हातमा राष्ट्रिय झन्डा देखिन्थ्यो । राप्रपासहित पूर्वराजा समर्थित विभिन्न समूहको आह्वानमा भएको यस किसिमको कार्यक्रमबाट विमानस्थल-चक्रपथ क्षेत्रको यातायात व्यवस्था प्रभावित भएको थियो । विमानस्थल क्षेत्रको संवेदनशील पक्षलाई दृष्टिगत गरी सुरक्षा व्यवस्था कडा गरिएको थियो । पोखरा केन्द्रित भई आसपासका क्षेत्रको धार्मिक भ्रमणमा निस्कनुभएका पूर्वराजा ज्ञानेन्द्र आइतबार पोखराबाट काठमाडौँ आउनुभएको हो।

पूर्व राजा ज्ञानेन्द्र शाहलाई पोखराको पुरानो विमानस्थलमा पन्चेबाजा सहित फुल माला लगायर उहाँलाई बिदाई गरिएको राप्रपाका युवा नेता अरुण गिरीले बताउनु भयो । पूर्व रानी कोमल शाह, पूर्व युवराज पारश शाह सहितका पूर्व राजाको परिवारलाई राप्रपा सहित राजासमर्थितहरुले विमानस्थलमा जयजयकार गर्दै फूलमालाले विदाई गर्नु भएको हो ।

आइतबार पोखराबाट र्याली सहित उहाँलाई बिदाई गरिएको बताउदै उहाँले एक महिना भ्रमणको क्रममा स्याङजाको आलमदेवि, देखि बागलुङको कालिका, गलेश्वर हुदै पोखराको विन्ध्यवासिनी, केदारेश्वर महादेव मणि मन्दिर लगायतका मठ मन्दिरमा दर्शन गर्नु भएको थियो । उहाँले केही दिन अघि छोरीहरुको जन्म दिनको अवसरमा पोखरा लोकसइडको ओपन हाउसमा जन्मदिन, पूर्व रानी कोमल शाहको जन्मदिनको अवसरमा पोखराको माउण्ट ग्लोरी रिसोर्टमा जन्मोत्सव मनाइएको श्रोतले जनाएको छ । एक हप्ता जसो रुपाकोट रिसोर्टमा बस्नु भएको पूर्व राजा शाह तथा उहाँको परिवार बाँकी ३ हज्ता भने माउण्ट ग्लोरिमा बस्नु भएको थियो। शाह परिवारले पोखराको लेकसाइडमा रहेको ढुंगा रेष्टुरेण्टमा समेत जानु भएको बताइन्छ । पूर्व राजा शाह परिवारले बुधबार महाशिवरात्रि पर्वको अवसरमा केदारेश्वर मन्दिरमा पुगेर दर्शन सहित महाआरतिको अवलोकन गर्नु भएको थियो। पूर्व राजा शाहले पोखराको विरेन्द्रचोकमापूर्व राजा विरेन्द्रको शालिक अनावरण समेत गर्नु भएको थियो ।पूर्व राजा शाह सहित उहाँको परिवार एक महिनासम्म पोखरामा बस्दा शान्ति सुरक्षा व्यबस्थापन गर्दै प्रहरीले विभिन्न ठाँउमा पूर्व राजा शाहको दर्शन भेट गराउन सहजीकरण गरेको थियो । देशमा गणतन्त्र आए पनि राजनीतिक दलहरुले जनताले अपेक्षा गरे अनुसारको उत्कृष्ट कार्यसम्पादन गर्न नसक्दा जनतामा वितृष्णा भएकोले पूर्व राजाको बारेमा केहीले गुनगाँन गर्न थालेको स्थानियले बताउनुभयो।

## पोखरामा अभौतिक मुद्रा (क्रिप्टोकरेन्सी) प्रयोग तथा जुवा एवं सट्टावाजी खेलाउने ५ जना पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

पोखरामा अभौतिक मुद्रा (क्रिप्टोकरेन्सी) प्रयोग तथा जुवा एवं सट्टावाजी खेलाउने ५ जना युवा पक्राउ पर्नु भएको छ।

पोखरा १४ अनुपम टोलमा रुपेन्द्र जि.सी.को साँढे ३ तले घरमा अवैध रुपमा उक्त क्रिप्टोकरेन्सी प्रयोग गर्दै अनलाइन मार्फत जुवा/सट्टावाजीमा प्रयोग गरिएका जि.सी.का ५ जना आफन्त पर्ने लाई प्रहरीले पक्राउ गरेको हो । पर्वतका जि.सी.ले विगत १ बर्ष देखि पोखरामा हालै निर्माण भएको उक्त घरमा विगत १ बर्ष देखि आफ्न्तलाई ईलेक्ट्रोनिक डिभाईस मार्फत अवैध कारोवार गर्ने गरेको गोप्य सूचनाको आधारमा ५ जनालाई पहिलो चरणमा पक्राउ गरिएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। क्रिप्टो करेन्सी कारोवार, अनलाईन जुवा/सट्टावाजीमा प्रयोग गरेको आरोपमा कास्की प्रहरी सहित गण्डकी प्रदेश प्रहरी कार्यालयको टोलीले पक्राउ गरेका व्यक्तिहरुमा मध्य सबै जसो म्याग्दीका हुनुहुन्छ। म्याग्दी बेनी नगरपालिका २ का ३३ बर्षका बिक्रम बानियाँ हाल पोखराको हवेलीमार्गमा बस्दै आउनु भएको छ । बानियाँले पोखराको चिप्लेढुंगामा फेन्सि पसल संचालन गर्दै आउनु भएको छ भने रुपन्द्रका फुपुका छोरा हुनुहुन्छ । त्यसै गरी बेनी नगरपालिका २ का २२ बर्षका सञ्जन घिमिरे समेत पक्राउ पर्नु भएको हो। रुपेन्द्रका फुपुका छोरा पर्ने घिमिरे हाल अनुपमन मार्गमा बस्दै आउनु भएको छ भने बिए चौथो बर्षमा अध्ययनरत हुनु हुन्छ।

त्यस्तै रघुगंगा गाँउपालिका २ स्थायी घर भई हाल अनुपम मार्ग बस्दै आउनु भएको बिए दोश्रो बर्षमा अध्ययनरत १९ बर्षका रोजन के.सी पक्राउ परेका हुन् । उहाँ रुपेन्द्रका सानो आमाको छोरा हुनुहुन्छ । त्यसै गरी उक्त अवैध कारोवार गरेको आरोपमा प्रहरीले रघुगंगा नगरपालिका २ का १८ बर्षका सन्दिप कटुवाललाई पक्राउ गरेको छ।

पोखरा चाउथे बस्दै आउनु भएको कटुवाल फुड स्टिपका संचालन तथा रुपेन्द्रका बहिनी ज्वाई समेत हुनु भएको प्रहरीले उल्लेख गरेको छ । उहाँहरुलाई अभौतिक मुद्रा प्रयोग र जुवा खेल्न वा सट्टेबाजी गर्न नहुने कसूर सम्बन्धमा अनुसन्धान प्रकृया अगाडी बढाईएको छ भने जिल्ला अदालत बाट ७ दिन को म्याद थप भएको एसपी ओलियाले बताउनु भयो । प्रारम्भिक अनुसन्धानबाट उहाँहरुले ३० करोड मुल्य बराबरको आर्थिक कारोवार गरेको कास्कीका प्रहरी प्रमुख श्याम बाबु ओलीयाले बताउनु भयो। करिब एक बर्षको अन्तरालमा उहाँहरुबाट सो रकम बराबरको कारोवार भएको उहाँले दाबी गर्नु भयो। फागुन २३ गते बेलुका ५ बजे प्रहरीले गोप्य सूचनाको आधारमा उहाँहरुलाई पक्राउ गरेको थियो । मोवाईल फोन- ३१ थान, कम्प्युटर मनिटर- २ थान,कम्प्युटर सिपियु- ३ थान, ल्याप्टप- ४ थान, पेनड्राईभ- ३ थान,हार्डडिक्स- १ थान, चार्जर- ११ थान, स्टेम्प छाप- १ थान, नगद ७२ हजार ५ सय लगाएतका सामानहरु बरामद गरिएको प्रहरीले जनएको छ । उहाँहरुले आफ्नो तथा आफन्तको नाममा विभिन्न बैंकहरुमा खाता खोली कारोवार गरेको प्रहरीले दाबी गरेको छ। वाट्सअफ, टेलिग्राम, क्यास एप,चिमिएप, यूएसडीटी, मार्फत १५ करोड र अभौतिक मुद्रको १५ करोड गरी ३० करोड मुल्य बराबरको कारोवार भएको कास्कीका प्रहरी प्रवक्ता डिएसपी वशन्तकुमार शर्माले बताउनु भयो।

## हुमागाईं लायन्सको डिस्ट्रिक्ट गभर्नर निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

लायन्स अन्तर्राष्ट्रिय, डिष्ट्रिक्ट ३२५ के नेपालको शनिबार पोखरामा सम्पन्न तेस्रो राष्ट्रिय महाधिवेशनबाट सञ्चार उद्यमी दुर्गा प्रसाद हुमागाईं डिष्ट्रिक्ट गभर्नरमा निर्वाचित हुनुभएको छ।

लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ के नेपालको लायन वर्ष २०२५-०२६ का लागि डिस्ट्रिक्ट गभर्नरमा निर्वाचित हुनुभएको हो। पोखरामा भएको तेस्रो एन्जुअल डिष्ट्रिक्ट



कन्भेन्सनले हुमागाईंलाई गभर्नर निर्वाचित गरेको हो।

रमेश अधिकारी फस्ट भाइस डिस्ट्रिक्ट गभर्नर र विष्णुहरि फुँयाल सेकेन्ड भाइस डिस्ट्रिक्ट गभर्नर निर्वाचित हुनु भएको छ। हुमागाईं २० वर्षदेखि लायन्समा क्रियाशील हुनुहुन्छ । लायन्स क्लब अफ पोखरा पिस चौतारीका पूर्व अध्यक्ष, समाजसेवी तथा युवा सञ्चार उद्यमी हुमागाईं काभ्रे जिल्लाको पनौती नगरपालिका कुशादेवीमा जन्मिएका जन्मनु भएको हो। २५ वर्षभन्दा अघिदेखि उहाँ पोखराको व्यावसायिक क्षेत्रमा सक्रिय हुनुहुन्छ। गभर्नरमा निर्वाचित गराएकोमा हुमागाईं र डिस्ट्रिक्ट फस्ट लेडी सरिता दाहाल हुमागाईंले अग्रज लायन लिडर र सम्पूर्ण लायनहरूमा हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्नु भएको छ।

हुमागाईंले लायन वर्ष २०२५-०२६ लाई स्मरणीय वर्ष बनाउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको छ । लायन कैलाश पालिखे कन्भेनर रहेको उक्त महाधिवेशनको उद्घाटन लायन्स अन्तर्राष्ट्रिय निर्देशक बालकृष्ण बुर्लाकोटीले गरेका थिए भने लायन्स क्लब अफ पोखरा लेक सिटी, लायन्स क्लब अफ पोखरा संगम र लायन्स क्लब अफ पोखरा समृद्धि होष्ट क्लबको रुपमा रहेका थिए।


## 'अब कुनै पनि बहानामा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सार्ने छुट छैन'

**रासस**
काठमाडौं, २५ फागुन

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले अब कुनै पनि सर्त र बहानामा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सार्ने छुट नभएको बताउनुभएको छ।

आइतबार कर्णाली प्रदेश रङ्गशाला वीरेन्द्रनगर सुर्खेतमा राष्ट्रिय खेलकुद परिषद् 'दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८२' मूल आयोजक समितिको सचिवालय उद्घाटन गर्दै उहाँले आगामी जेठ ३-१० गतेसम्म सञ्चालन हुने प्रतियोगिता तोकिएकै समयमा हुने बताउनुभयो । "अब यो पुगेन, त्यो भएन, तलमाथि केही गर्न र भन्न पाइने छैन । आजकै दिनबाट सातै प्रदेशका मन्त्री तथा सदस्यसचिवलगायतलाई तोकिएको समयमा खेल हुने पत्र पठाइनेछ । यद्यपि कार्य सहजताका लागि कर्णाली प्रदेशको सदस्यसचिव जतिसक्दो चाँडो नियुक्त गर्न आवश्यक छ", मन्त्री चौधरीले भन्नुभयो। प्रदेशले राष्ट्रिय गौरवको योजनाका रूपमा निर्माण गरेको कर्णाली प्रदेश रङ्गशालाका लागि मन्त्री चौधरीले पूर्व तथा बहालवाला मुख्यमन्त्रीलाई धन्यवाद दिनुभयो। पत्रकारहरूलाई अब खेल हुन्न भन्ने नलेख्न आग्रह गर्दै जेठमा गर्मीको 'सिजन' भएकाले प्रतिकूल अवस्थामा भए पनि राष्ट्रिय 'रेकर्ड' राख्ने गरी प्रतियोगिता सम्पन्न गरिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# टि-२० क्रिकेट प्रतियोगिताको उपाधिका लागि लेखनाथ र माछापुच्छ्रे क्रिकेट क्लव भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन

पोखरा महानगरपालिका दोश्रो अन्तर क्लव पुरुष टि-२० क्रिकेट प्रतियोगिता २०८१ को उपाधिका लागि लेखनाथ यूथ क्रिकेट क्लव र माछापुच्छ्रे क्रिकेट क्लव भिड्ने भएका छन् ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको आयोजना तथा पोखरा महानगरपालिका क्रिकेट संघको संयोजन तथा व्यवस्थापनमा भइरहेको प्रतियोगिता अन्तर्गत आईतबार भएको दोश्रो सेमीफाइनल खेलमा कास्की क्रिकेट क्लवलाई २३ रनले पराजित गर्दै लेखनाथ यूथ फाइनलमा प्रवेश गरेपछी यी दुई क्लवबीच उपाधि भिडन्त पक्का भएको हो । यसअघि शनिबारको खेलमा राईजिङ क्रिकेट क्लवलाई ९६ रनले पराजित गर्दै माछापुच्छ्रे क्रिकेट क्लव फाइनल प्रवेश गरेको थियो । फाइनल खेल सोमबार पूर्वाह्न ९:३० बजेदेखि लेखनाथको ईडेन हेभन क्रिकेट ग्राउण्डमा हुने आयोजक पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए । आईतबार भएको दोश्रो सेमीफाइनल खेलमा टस जितेर पहिले ब्याटिङ गरेको लेखनाथले १९.४ ओभरमा अलआउट हुँदै १३५ रनको मध्यम स्कोर बनाएको थियो । लेखनाथका लागि दीपक बरालले २५ बलमा ३९ रन र प्रदीप तामाङले २१ बलमा २० रनको योगदान दिए । लेखनाथलाई ठूलो स्कोर बनाउन नदिन कास्की क्रिकेट क्लवका आदित्य थापाले २० रन खर्चे ४ विकेट हत्याए । १३६ रनको मध्यम लक्ष्य भेट्टाउन जवाफी ब्याटिङमा उत्रिएको कास्की क्रिकेट क्लव १९ ओभरमा अलआउट हुँदै ११२ रनमा सिमित भएपछि उपाधि पुग्ने होडबाट बाहिरियो । आदीत्य थापाले ४४ बलमा ३३ रन बनाएपनि अन्य ब्याटरले साथ नदिदा कास्की हार बेहोर्न बाध्य भयो । कास्कीलाई सस्तैमा समेट्न लेखनाथका विशाल पौडेल, महेश मण्डल र दीपक बरालले समान २/२ विकेट लिए । आईतबारको खेलमा लेखनाथ यूथका दीपक बराल प्लेयर अफ दी म्याच घोषित भए । प्रतियोगिताको बिजेता तथा उपबिजेता टिमलाई ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । त्यसैगरी हरेक खेलमा म्यान अफ द म्याच, म्यान अफ द सिरिज, बेष्ट ब्याटर, वेष्ट बलर लगायतलाई पुरस्कार प्रदान गरिने पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए ।

# 'व्याक टु नाइन्टिज'को सेकेण्ड एडिसन स्याङ्जाको वालिङमा हुने

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन

सांगीतिक विरासत फर्काउन पोखराबाट शुरु भएको 'व्याक टु नाइन्टिज' विरासतलाई फर्केर हेर्दा कार्यक्रमको सेकेण्ड एडिसन (दोश्रो श्रृंखला) स्याङ्जाको वालिङमा हुने भएको छ ।

पोखराको अपार सफलतापछि आगामी चैत १ गते स्याङ्जाको वालिङमा 'व्याक टु नाइन्टिज'को सेकेण्ड एडिसन हुन लागेको हो । वालिङ उद्योग वाणिज्य संघ र ट्रिनिटी क्लव वालिङको आयोजनामा हाल वालिङ बजारमा प्रथम पिङ्क सिटी महोत्सव चलिरहेको छ । सोहि महोत्सव अन्तर्गत चैत १ गते शुक्रबार दिउँसो ३ बजेदेखि राती ८ बजेसम्म ' व्याक टु नाइन्टिज' अन्तर्गत पोखराका ६ वटा व्याण्डहरु गुञ्जिने जनाइएको छ ।

नब्बेको दशकमा व्याण्डहरुको राजधानी बनेको पोखराको विरासत फर्काउने अभियान अन्तर्गत वालिङमा दोश्रो श्रृंखला हुन लागेको ' व्याक टु नाइन्टिज'का संयोजक तथा गण्डकी प्रज्ञा प्रष्ठिानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममा नब्बेको दशकमा उदाएर राष्ट्रिय/अन्तर्राष्ट्रिय ख्याती कमाउन सफल डि-मर्चा, लेकाली, देउराली, ब्रोसिस, मध्याह्न र भेगाबोण्ड व्याण्ड गुञ्जिने उनले बताए । स्थानिय व्यवसायी तथा समाजसेवीहरु बिजय मल्ल, बिजयविक्रम खाँड, सुनिल खनाल, टेकबहादुर कार्की, बिरेन्द्र केसी र सोनी खानको विशेष सहयोगमा आयोजित कार्यक्रममा सहभागीले आफूलाई ९० को दशकमा फर्किएर आफू हुर्किएको समय, परिवेश र माया, पिरती साट्दाको समयसँग रिलेट गर्दै मनोरञ्जन लिन सक्नेछन् ।

वालिङमा हुने सेकेण्ड एडिसनसँगै 'व्याक टु नाइन्टिज'को देशव्यापी अभियान शुरु हुने पोखरा सांगीतिक कलाकार संघका अध्यक्ष हर्कराज गुरुङ (भाइ)ले बताए ।

९० को दशकमा उदाएर पोखरालाई व्याण्डहरुको राजधानी बनाएका यी व्याण्डहरुले सोहि विरासत फर्काउन संघका सचिव भाष्करध्वज श्रेष्ठको 'व्याक टु नाइन्टिज'को कन्सेप्ट जन्मिएको हो । पोखराको अपार सफलतासँगै यो अभियान देशव्यापी लैजाने तयारीमा कलाकार संघ रहेको छ । वालिङपछि म्याग्दीको बेनी, लमजुङको बेशीसहर, चितवन भरतपुरको नारायणी किनार, विराटनगर, ईलाम, विर्तामोड, भक्तपुर, ललितपुर र काठमाडौंलगायतका ठाउँमा गर्ने तयारी भइरहेको सचिव श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममार्फत संघले सुसुप्त अवस्थामा रहेका पुराना सांगीतिक व्याण्डहरुको पुर्नजागरण गर्ने र नया पुस्तालाई संगीतमा लागेरपनि भविष्य बनाउन सकिन्छ भन्ने सन्देश दिदै पर्यटनको राजधानी पोखरालाई रिब्राण्डिङ गर्ने, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने, गीत, सङ्गीतमार्फत् निराशाको निवारण र आशाको धुन सञ्चार गर्नेलगायतका उद्देश्य रहेको छ । अभियानमा पोखरा महानगरपालिका प्रवर्द्धकका रुपमा रहनेछ ।

त्यसका लागि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले वचन दिइसकेको र केहि दिनपछि नै महानगरसँग सम्झौता हुने कार्यक्रम संयोजक मनकुमार श्रेष्ठले जानकारी दिए ।

# इन्जिनियरिङ क्याम्पसमा अनेरास्ववियुले अनुपको नेतृत्वमा टुंग्यायो स्ववियु उम्मेद्वार

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन

नेकपा (एमाले)निकट विद्यार्थी संगठन अनेरास्ववियुले इन्जिनियरिङ अध्ययन संस्थान (पश्चिमाञ्चल क्याम्पस)मा स्ववियु निर्वाचनका उम्मेद्वार टुंगो लगाएको छ ।

आगामी ५ चैतमा हुने निर्वाचनका लागि अनेरास्ववियुले आइतबार अनुप न्यौपानेको नेतृत्वको टिम तयार गरेको हो ।

प्रत्यक्षतर्फ निर्वाचन हुने सचिवमा विनायक भुवाँजी, कोषाध्यक्षमा रोहितकुमार शाहलाई उम्मेद्वार बनाउने निर्णय भएको अनेरास्ववियु कास्की जिल्ला सचिव रवि क्षेत्रीले जानकारी दिए ।



प्रत्यक्ष सदस्यमा अमृत बस्नेत, रुपेश पौडेल, अंकित गैरे, अश्रान्त पहारी, सुशान्त गौतम, पूर्णिमा अछामी, त्रिदेव ढकाल(सुरज)उम्मेद्वार रहेका छन् । समानुपातिक उम्मेदवार भने टुंगो लाग्न बाँकी छ ।

अध्यक्षका उम्मेद्वार न्यौपानेले इन्जिनियरिङ अध्ययन क्षेत्रका समस्या आफूले प्रत्यक्ष देखेको र त्यसलाई समाधान गर्न स्ववियुमार्फत क्रियाशील रहने प्रतिबद्धता जनाए । विगतमा हुन नपाएको निर्वाचन योपटक पनि नभएमा विद्यार्थीका मुद्दा झनै ओझेलमा पर्ने उनले बताए । 'कसले जित्छ-हार्छ भन्ने भन्दा पनि सबै विद्यार्थी संगठन मिलेर कसरी स्ववियु चुनाव गर्ने भन्ने हुनुपर्छ,' उनले भने, ' योपटक स्ववियु निर्वाचन हुन्छ ।' इन्जिनियरिङ अध्ययन संस्थान (पश्चिमाञ्चल क्याम्पस)मा स्ववियु निर्वाचनका लागि २ हजार ४१ जना मतदाता छन् । उक्त क्याम्पसमा २०७३ सालमा निर्वाचन भएको र त्यसपछि हुन नसकेको अनेरास्ववियु गण्डकी प्रदेश कमिटी सदस्य विकल्प सापकोटाले जानकारी दिए । त्यतिबेला अनेरास्ववियुका उम्मेदवार इन्द्र पौडेल सभापतिमा विजयी भएका थिए । त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेका देशभरका क्याम्पसमा स्ववियु निर्वाचनका लागि आगामी मंगलबार मनोनयन दर्ता हुँदैछ । यसअघि जनप्रिय बहुमुखी क्याम्पसमा अनेरास्ववियुले आविष्कार केसीलाई अध्यक्षको उम्मेद्वार बनाउने सार्वजनिक गरिसकेको छ । अनेरास्ववियुले सोमबार साँझसम्म सबै क्याम्पसमा उम्मेद्वार टुंग्याउने अनेरास्ववियु कास्की सचिव रवि क्षेत्रीले जानकारी दिए । इन्जिनियरिङ, जनप्रियसहित त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेका पोखराको पृथ्वीनारायण क्याम्पस, वन विज्ञान अध्ययन संस्थान, पोखरा नर्सिङ क्याम्पस आगामी ५ चैतमा स्ववियु निर्वाचनअन्तर्गत मतदानको कार्यतालिका छ । नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत रहेको विन्दुवासिनी संस्कृति विद्यापीठमा भने १० चैतमा निर्वाचन हुने कार्यतालिका छ ।

**लागूऔषध प्रयोग नगरौं**

लागूऔषधको सेवनले,

◆मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर गर्छ,

◆परिवार, साथीभाई र आफन्तसँग सम्बन्ध बिग्रन सक्छ,

◆सामाजिक सम्मानमा गिरावट ल्याउँछ,

◆सामाजिक अपराध र विकृति बढ्छन्,

त्यसैले,

*लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार बिक्रिवितरण तथा सेवन नगरौं र गर्न नदिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# भद्रकाली बहुमुखी क्याम्पसमा स्वागत र बिदाइ

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन

हरेक वर्ष स्वागतलाई निरन्तरता । साथमा चौथो वर्षका विद्यार्थीलाई बिदाइ । सवै विद्यार्थी विहानैदेखि थरिथरिका पोशाकमा सजिएका । आँफैले पढाएका विद्यार्थी चिन्न मुस्किल भयो हरेक शिक्षकलाई । चम्किलो मन्द सुर्यको किरणसँग शरीर सेकाउँदै ।

उता कार्यक्रमको मञ्च सजिएको थियो दक्षिण फर्किएको अगाडि लामबद्ध प्राध्यापक विचमा भद्रकाली बहुमुखी क्याम्पस संचालन समितिका अध्यक्ष माधवप्रसाद सिग्देल प्रमुख अतिथिको रुपमा । आडैमा थिइन बिबिएस पहिलो वर्षमा अध्ययनरत ज्योति गुरुङ सभापतिको कुर्चिमा । प्रमुख अतिथि, सभापति र उपस्थित सबैलाइ बोलाउनु भयो संचालक द्धय विए दोस्रो वर्षमा अध्ययनरत अस्मिता वराल र बिबिएस दोस्रो वर्षमा अध्ययनरत इश्वरी रानाले । पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली बहुमुखी क्याम्पसमा स्नातक प्रथम वर्ष २०८१ मा भर्ना हुनभएका नवप्रवेशी विद्यार्थीहरुलाई शुक्रवार क्याम्पस परिषदमा स्वागत गरियो ।

साथमा चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरुलाइ विदाइ गरियो । भद्रकाली बहुमुखी क्याम्पसको आयोजनामा स्वागत कार्यक्रम गरिएको हो । सुर्यलाई वादलले ढाकेपछि घरी घरी चिसिएको शरीरसँगै विद्यार्थी गीत र नृत्यमा तातिए भने शिक्षक लगायत विद्यालयका कर्मचारी । सोखी कार्यक्रममा बिबिएस दोस्रो वर्षमा अध्ययनरत प्रतिमा गुरुङले उपस्थित सबैलाई स्वागत गरिन । निशा देवकोटा लगायत विद्यार्थीको प्रस्तुतीले उपस्थित सवैलाई मन्त्रमुग्ध पारेका थिए ।




भद्रकाली बहुमुखी क्याम्पस संचालन समितिका अध्यक्ष सिग्देलले स्वागत कार्यक्रमको उद्घाटन गर्दै ज्ञान जीवनमा सवै भन्दा महत्वपुर्ण विषय भएकोले सवै भाइवहिनीहरुलाइ पढ्ने कार्यमा ध्यान दिन अनुरोध गरे । भद्रकाली बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख नवराज रेग्मीले शिक्षकको गालिलाई तितो औषधी सम्झेर निल्नु पर्ने भन्दै निले पछि रोग सन्चो हुन्छ भने ।

भद्रकाली बहुमुखी क्याम्पसका क्याम्पस सहायक क्याम्पस प्रमुख नारायण प्रसाद सापकोटाले विद्यार्थीका हरेक कमजोर पक्षलाइ हटाउँदै राम्रो पक्षलाइ साथ लिएर अगाडि बढ्ने धारणा राख्नु भयो । भद्रकाली बहुमुखी क्याम्पस प्रध्यापक संघ इकाई समितिका सभापति बुद्धिसागर सापकोटाले विद्यार्थीले पढाइ सँगै क्याम्पसमा हुन हरेक कार्यक्रममा सहभागी हुनु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा बिबिएस पहिलो वर्षमा अध्ययनरत सन्तोषी गुरुङ, सुदीप बिक, बिबिएस तेस्रो वर्षमा वर्षमा अध्ययनरत पूजा विक र बिए चौथो वर्षमा अध्ययनरत निशा देवकोटाले धन्यवाद ज्ञापन गरिन ।

# महिलाद्धारा कर्मशील नारी खाद्य उद्योग संचालन

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन

आर्थिक सशक्तिकरणका लागि महिला उद्यमशिलता भन्ने नारा सहित ११५औं अन्तर र्ष्ट्रिय महिला श्रमिक दिवसको अवसरमा पोखरामा कर्मशील नारी खाद्य उद्योगको औपचारिक शुभारम्भ भएको छ । स्थानीय उत्पादन प्रवर्द्धन, महिला उद्यमशीलता, र आर्थिक सशक्तिकरणलाई ध्यानमा राखी कर्मशिल महिला समुहले उक्त खाद्य उद्योग संचालनमा ल्याएका हो ।

उक्त खाद्य उद्योगको नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशकी महासचिव जमुना वर्षा शर्माले उद्योगको शुभारम्भ गर्दै महिलाहरू केवल गृहिणी मात्र होइनन्, उनीहरू सक्षम उद्यमी, व्यवस्थापक र समाज परिवर्तनका संवाहक भएको बताइन् । उनले भनिन् "कर्मशील नारी खाद्य उद्योगजस्ता स्थानीय उत्पादनमा आधारित उद्यमहरूले महिलाहरूलाई आर्थिक रूपमा सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ ।" उनले उद्योग संचालनसँगै आउने कतिपय कठिनाइ र चुनौतीहरुले विचलित गुणस्तरीय उत्पादन प्रविधिमैत्री मार्केटिगंमा ध्यान दिन सुझाव दिदै महिलाहरूको उत्पादन र व्यवसायको क्षेत्रमा देखाएको यो सक्रियता प्रशंसा गरिन । विशेष अतिथि लेखनाथ उद्योग वाणिज्य संघकी महासचिव जानुका पराजुली अधिकारीले स्थानीय स्तरमा स्थापना भएका यस्ता उद्योगहरूले आर्थिक वृद्धिमा टेवा पुग्ने बताइन् । उनले यस्ता उद्योग संचालनले समुदायभित्र आत्मनिर्भरता र उद्यमशीलताको भावना पनि विकास गराउने धारणा राखिन् । कर्मशील नारी खाद्य उद्योगकी अध्यक्ष एवम कार्यक्रमकी सभाध्यक्ष सुनिता खत्रीले स्थानीय स्रोतसाधनको उपयोग गर्दै गुन्द्रुक, मस्यौरा, कोदो, फापर लगायतका पिठो, अचार, सुकुटी, विभिन्न प्रकारका मसला, फ्रोजन मम लगायत ३० थरिका उत्पादनरहेको जानकारी दिइन । उद्योगका सचिव सरिता भुजेलले उद्योगले स्थानीय कृषि उत्पादनलाई प्राथमिकता दिने




भएकाले यसले किसानहरूलाई समेत प्रत्यक्ष रूपमा फाइदा पुग्ने बताइन् । उनका अनुसार उद्योगमा उत्पादन गरिने अचार, सुकुटी, तथा अन्य खाद्य सामग्रीहरू विशेष गरी पारम्परिक नेपाली स्वादयुक्त हुनेछन्, जसले स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्दै आयात प्रतिस्थापन गर्न मद्दत गर्ने बताइन् । उनका अनुसार १२ जना महिलाले मासिक १ हजार जम्मा गरेर ३ लाख पुँजी संकलन गरी लगानीको शुरुआत गरेको र अहिले थुप्रै दिदीबहिनी शेयर थप्नका साथै रोजगारको लागि उत्साहित भएको उनकोभ भनाइ थियो । कार्यक्रममा पोखेली मिनरल वाटरका प्रोप्राइटर तथा कौसी करेसा खेतीका कुशल प्रशिक्षक कान्ति पौडेल अधिकारी, वडा स्तरीय कृषि सञ्जाल ८ की संयोजक सबित्रा अधिकारी घिमिरे, वडा ९ की संयोजक विमला रानाभाट, पोखरा लेडी जेसीज २०२५ की अध्यक्ष अनिता थापा खड्का, बुहारी सशक्तीकरण समाज कास्कीकी अध्यक्ष निरु केसी, तथा लायन्स क्लब अफ मोनालिसाकी अध्यक्ष शकुन पौडेल आर्थिक शुभकामना मन्तब्य राखेका थिए । कर्मशिल नारि समुहकी उपाध्यक्ष पुष्पा शर्मा पौडेलले स्वागत मन्तब्यसँगै उद्योगको स्थापना र आगामी रणनीतिकोबारेमा प्रष्ट पारेकी थिइन ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सस्वा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

**सम्पादकीय**

# गणतन्त्रवादीलाई सुध्रने अवसर

एक महिना लामो गण्डकी प्रदेशको बसाइ र घुमघामपछि पूर्वराजा ज्ञानेन्द्र शाह आइतबार काठमाडौँ फर्किएका छन् । पूर्वराजा काठमाडौँ फर्किँदा त्रिभुवन विमानस्थल क्षेत्रमा बाक्लो संख्यामा उपस्थित राजावादीहरुले राष्ट्रिय झण्डासहित स्वागत गरे । राजावादीले केही दिनदेखि नै शक्ति प्रदर्शन गर्न सार्वजनिक आह्वान गरेका थिए। राप्रपा, राप्रपा नेपालसहित दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका साथै विभिन्न धार्मिक र राजवादी संघ/संगठनका प्रतिनिधि विमानस्थल पुगेका थिए ।

विमानस्थलबाट 'लक्जरियस'गाडीमा बाहिरिएका पूर्वराजालाई उकास्दै राजावादीहरुले 'राजा आउ देश बचाउ' को नारामात्रै लगाएनन् गणतन्त्रिक व्यवस्था र त्यसको नेतृत्वकर्ताविरुद्ध आक्रोश समेत पोखे । प्रजातन्त्र दिवसको अवसरमा पूर्वराजा शाहले एक भिडियो सन्देशमार्फत अब आफू चुप नलाग्ने आसयसहित आफूलाई साथ दिन आह्वान गरेसँगै राजावादीहरुले आफ्ना गतिविधि बढाउँदै लगेका छन । सोही क्रममा राजावादीहरु एकत्रित बन्दै आइतबार उनलाई विमानस्थलमा स्वागत गर्ने भन्दै शक्ति प्रदर्शन गरे ।

पोखराबाट समिट एयरको जहाजमार्फत करिब अपराह्न ४ बजे त्रिभुवन विमानस्थलमा अवतरण गरेका उनी त्यहाँबाट निजी निवास निर्मल निवास जाँदै गर्दा राजावादीले स्वागत गरेका थिए । राजावादीहरुले वर्तमान व्यवस्थाले देशमा सुशासन कायम हुन नसकेको, भ्रष्टाचार र बेतिथि बढेको जिकिरसहित राजतन्त्रको विकल्प नभएको बताउँदै आएका छन् । लोकतन्त्रमा आफूलाई लागेको कुरा संविधानको परिधिभित्र रहेर अभिव्यक्त गर्न पाउने छुट पनि छ। तर गणतन्त्र विरुद्ध नारा लगाउने र घृणा फैलाउने काम गर्दा पनि छुट पाउने अवस्था गणतन्त्रले नै दिएको हो । हजारौं राजावादी सडकमा आएर ज्ञानेन्द्रको स्वागत गर्दा उनीहरु उत्साहित देखिएका छन् । स्मरणीय छ, गणतन्त्रको सुरुवाती समयमा राजतन्त्रको पक्षमा नारा लगाउन समेत राजावादीहरुलाई निकै सकस थियो । परिवर्तन पछिको त्यस अवस्थाबाट गुज्रिएर आएका राजावादीहरुले गणतन्त्र स्थापनाको १६ वर्षको अवधिमा आएर आफ्नो कुरा निर्धक्कसँग राख्न पाउनु नै उपलब्धी बनेको छ ।

राजावादी सडकमा आउँदा पहिलोपटक युवाहरु राजाको पक्षमा लामबद्ध देखिनु गणतन्त्रवादीले गम्भीरतापूर्वक सोच्नुपर्ने भएको छ । अब इतिहास भइसकेको राजतन्त्र फर्किन नसक्ने गणतन्त्र पक्षधर नेताहरुको भनाइले पुग्दैन । पूर्वराजालाई राजनीति गर्न मन भए चुनाव लड्न चेतावनी दिएपनि सुन्ने अवस्थामा उनी देखिदैनन् । दलहरुको कार्यशैलीमा केही समस्या रहेकाले त्यसको फाइदा लिने मौकापुर्व राजाले पाएका हुन । दलका नेताको कार्यशैलीलाई सुधार्दै दलहरु सुध्रिएमा प्रतिगामी तत्वहरुले खेल्ने मौका पाउने छैनन् । 'गणतन्त्रवादीहरुको नातावाद, कृपावाद, चालचलनले गणतन्त्रको जरा गहिरो भएको छैन।जरा हल्लाउन कोसिस भएको छ । गणतन्त्रवादीहरु सच्चिन पर्छ । लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो । यसलाई सच्याउने र सफा गर्ने काम गर्नुपर्छ । राजावादीले गणतन्त्रका नायक मानिएका नेताहरुले साशक नसम्झी सेवक बन्ने आँट गर्छन कि गर्दैनन् त्यसमै निर्भर छ गणतन्त्रको भविष्य ।

# बाङखोलामा पुल निर्माण भएपछि पदमार्गमा आउने पर्यटकलाई सहज

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ फागुन

धवलागिरि गाउँपालिका-३ मुनाको बाङखोलामा पुल निर्माण भएपछि बर्खायाममा जोखिम मोलेर खोला वारपार गर्नुपर्ने समस्या हटेको छ।

धवलागिरि गाउँपालिकाले रु १२ लाख बजेटबाट तल्लो बाङखोलामा १२ मिटर र उपल्लो बाङखोलामा नौ मिटर लामो फलामे पुल निर्माण गरेको हो । गत साउनमा बाङखोलामा आएको बाढीले झोलुङ्गे पुल बगाएपछि मुना हुँदै लुलाङ-गुर्जा, ढोरपाटन जाने पदमार्गमा आवतजावतमा समस्या भएको थियो । धवलागिरि -३ का वडाध्यक्ष देवेन्द्र रोकाका अनुसार उपभोक्ता समितिमार्फत कल्भर्ट पुल निर्माण भएपछि तीनवटा वडाका बासिन्दाका साथै, ढोरपाटन गुरिल्ला र डोल्पा पदमार्ग भ्रमणमा आउने पर्यटकलाई सहज भएको छ। छोटो घाट भएको ठाउँमा छिटो बनाउनुपर्ने भएकाले खोलाको दायाँबायाँ मेसिनरी पर्खाल उठाएर फलाम जोडेर कल्भर्ट प्रविधिको पुल निर्माण गरिएको हो । पुल बनेपछि बर्खायाममा बाङखोलाको उर्लँदो भेलमा जोखिम मोलेर वारपार गर्नुपर्ने बाध्यता हटेको छ । यसैगरी बाङखोलाको बाढीले



बगाएको मुनाको दरखोला पहिलो लघुजलविद्युत् परियोजनाको पाइपलाइन पुनर्निर्माण गरिएको छ । गाउँपालिकाले विनियोजन गरेको रु आठ लाख बजेटबाट बाङखोला माथि फलामको पुल बनाएर पोलिथिन पाइप राखेर पानी तार्ने व्यवस्था मिलाएको वडाध्यक्ष रोकाले बताउनुभयो । पचास किलोवाटक्षमताकोदरखोलापहिलो लघुजलविद्युत् परियोजनाबाट पाँच सय ८० घरपरिवार लाभान्वित भएका छन् । यसैगरी धवलागिरि गाउँपालिका-३ को दरगाउँ सडक सञ्जालमा जोडिएको छ । धवलागिरि गाउँपालिकाको सहयोगमा दरका बासिन्दाले उपभोक्ता समितिमार्फत गाउँ जोड्ने सडक निर्माण गरेका हुन् । गाउँपालिकाको रु २७ लाख अनुदानमा मुना-मुदी सडकदेखि दर जोड्ने एक किलोमिटर पाँच सय मिटर सडक निर्माण भएको धवलागिरि गाउँपालिका-३ का प्राविधिक दीपेन्द्र थापाले बताउनुभयो । सडक निर्माण भएपछि दरगाउँका एक सय घरपरिवार लाभान्वित भएका छन् । आवतजावत, दैनिक उपभोग्य र निर्माण सामग्री ढुवानी र गाउँमा उत्पादन भएको कृषि तथा पशुजन्य वस्तु निकासीमा सहज भएको छ ।दर जोड्ने सडक निर्माणका लागि गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा रु पाँच लाख, २०८०/८१ मा रु १३ लाख र चालु आव २०८१/८२ मा रु १० लाख विनियोजन गरेको थियो ।

# दुई पालिकालाई एम्बुलेन्स सहयोग

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ फागुन

सूर्य नेपाल प्रालिले यहाँका दुई पालिकालाई कृषि एम्बुलेन्स सहयोग गरेको छ । शुक्लागण्डकी नगरपालिका र म्याग्दे गाउँपालिकाका किसानले उत्पादन गरेका कृषि उपजलाई बजारीकरण गर्न सहज बनाउन कृषि एम्बुलेन्स सहयोग गरेको हो ।

दुई पालिकालाई रु २६ लाख मूल्यका एक-एक थान कृषि एम्बुलेन्स हस्तान्तरण गरेको प्रालिका मानव संशाधन विभाग प्रमुख अन्जान दुवाडीले जानकारी दिनुभयो । नगरपालिकाका प्रमुख कृष्णराज पण्डितलाई प्रमुख दुवाडीले एम्बुलेन्सको साँचो हस्तान्तरण गर्नुभयो । प्रालिका कारखानाप्रमुखबाबुरामकार्कीले आफूहरुको सहयोगपश्चात स्थानीय सरकारले कृषि क्षेत्रमा काम गर्न थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

शुक्लागण्डकी नगरपालिकाका प्रमुख पण्डितले अब गाउँगाउँमा बारअनुसार तालिका बनाएर कृषि उपज सङ्कलन गरी बेलचौतारामा निर्माण गरिएको कृषि सङ्कलन केन्द्र सञ्चालनमा ल्याइने बताउनुभयो । किसानले न्यूनतम मूल्यमा कृषि एम्बुलेन्स प्रयोग गर्न पाउने भएकाले व्यावसायिक कृषि उत्पादनमा जोड दिन उहाँले आग्रह गर्नुभएको छ । नगरपालिकाका उपप्रमुख खुमबहादुर विकले केन्द्र सञ्चालका लागि महत्त्वपूर्ण सहयोग प्राप्त भएको जानकारी दिँदै केन्द्र सञ्चालन कार्यविधि तयार रहेको बताउनुभयो । उहाँले गाउँगाउँमा रहेको सामुदायिक भवनलाई कृषि सङ्कलन केन्द्रका रूपमा विकास गरी कृषि उपज बजार ल्याउन कृषि एम्बुलेन्स प्रयोग गरिने बताउनुभयो ।

# उच्च अदालतको भवन निर्माण अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

उच्च अदालत पोखरा बागलुङ इजलासको निर्माणाधीन उच्च अदालतको भवन ९० प्रतिशत सम्पन्न भएको छ । साढे छ तला आधुनिक र पूर्ण आपाङ्गतामैत्री भवनमा रङरोगनको काम भइरहेको छ ।

अदालतको भवन २०७२ सालको भूकम्पले क्षतिग्रस्त बनाएको थियो । विसं २०७९ मङ्सिर १६ गते ३० महिनामा सम्पन्न गर्नेगरी रु ५७ करोडमा ठेक्का सम्झौता भएको थियो ।

उक्त भवन गण्डकी प्रदेशको नमुनामध्येमा पर्ने उच्च आदलत पोखरा बागलुङ इजालसले जानाएको छ । दुई वटा विद्युतीय भऱ्यायाङसहित नमुना भवनको हालसम्म ९० प्रतिशत भौतिक र ८० प्रतिशत आर्थिक प्रगति भएको इजालसका रजिष्ट्रार रामबहादुर थापाले जानकारी दिनुभयो । उहाँका अनुसार सम्झौताअनुसार निर्माण भइरहेकाले निर्धारित समयभित्रै भवन हस्तान्तरण गर्ने निर्माण व्यवसायीले कार्यतालिका पेस गरेका छन् । "कार्यप्रगति सन्तोषजनक छ, जेठभित्रै सेवा दिने हाम्रो तयारी छ, निर्माण व्यवसायीले ३० महिनाभित्र बुझाउँछु भनेर काम गरिरहेका छन् । अहिले तीन वटा आवास गृह र मुख्य भवनमा फर्निचर, रङरोगनको काम भइरहेको छ", रजिष्ट्रार थापाले भन्नुभयो, "आर्थिक अभावका कारण बीचमा निर्माण सुस्त भए पनि अहिले १२ घण्टा काम भइरहेको छ, सुरुमा दिन र रातगरी भवनको ढलान भएको थियो ।"

भवन निर्माणका लागि अत्याधुनिक उपकरण प्रयोग गरिनुका साथै दिन र रातमा दुई चरणमा काम भएकाले समय सीमाभित्रै सम्पन्न हुने निर्माण कम्पनीले जनाएको छ । निर्माण व्यवसायीको प्रतिनिधि महेन्द्र पौडेलका अनुसार समयभित्रै काम सक्न कम्पनीका प्रतिनिधि र कामदारले दैनिक १२ घण्टा काम गरिरहेका छन् । "यति ठूलो भवन ३० महिनामा सक्नु चुनौतीपूर्ण हो, तर हामीसँग प्रविधि र जनशक्ति दुवै भएकाले सम्भव छ । दिनमा मात्रै काम गरे पाँच वर्ष लाग्थ्यो, रातमा ढलान गरेका थियौं, ३० महिनाअगावै अदालतलाई भवन बुझाउने तयारी छ", उहाँले भन्नुभयो, "निर्माणका लागि आवश्यक कच्चा सामग्री भवन परिसरमा 'रेडिमिक्स'को सहायताबाट तयार पारी प्राविधिक जाँच गरेर ढलान गरिएको छ ।" उच्च अदालतले हाल जिल्ला अदालतको भवनबाट सेवा दिइरहेको छ । निर्माणाधीन सो भवनमा छ वटा अत्याधुनिक इजलास कक्ष रहनेछन् । अन्डरग्राउण्डसहित साढे छ तलाको उक्त भवनसँगै अथिति गृह, न्यायाधीस, रजिष्ट्रार र कर्मचारी आवाससमेत गरी तीन ब्लकमा निर्माण गरिएको छ। सात रोपनी जग्गामा निर्माण भइरहेको उक्त भवन प्रविधिमैत्री, अपाङ्गतामैत्री, भूकम्पप्रतिरोधीका साथै साविक धौलागिरि अञ्चलका चार जिल्लामध्ये सबैभन्दा ठूलो र आधुनिक हुने सघन सहरी तथा भवन निर्माण कार्यालयले जनाएको छ ।

# तालिम पाएपछि महिला च्याउखेतीतर्फ आकर्षित

**पोखरापत्र संवाददाता**
बन्दीपुर, २५ फागुन

बन्दीपुर गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा २५ किसानलाई च्याउ उत्पादनसम्बन्धी तालिम दिएपछि उनीहरू च्याउखेतीतर्फ आकर्षित बनेका छन् । तालिम लिनेमा गाउँपालिकाका ६ वडाका १९ महिला समेत छन् ।

उत्पादित च्याउ बिक्री गरेर आम्दानी लिनथालेपछि उनीहरू आत्मनिर्भर बन्न थालेका छन् । तालिमपछि किसानलाई च्याउ उत्पादन गर्न बीउ, टनेलका लागि प्लाष्टिक र ग्रोइङ ब्यागजस्ता सामग्री गाउँपालिकाले उपलब्ध गराएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत यादवराज आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाले रु एक लाख ५० हजारमा च्याउखेतीका लागि तालिम, बीउबिजन, प्लाष्टिक र ग्रोइङ ब्यागजस्ता सामग्री उपलब्ध गराएको थियो । गत पुसमा तालिम लिएपछि २४ किसानले ३.६ मेट्रिक टन च्याउ उत्पादन गर्ने लक्ष्यका साथ काम गरिरहेका कृषि शाखाका अभिषेक भट्टराईले जानकारी दिनुभयो । उनीहरूले उत्पादन गर्न थालेको च्याउ स्थानीय बजारमा खपत हुँदै आएको छ । च्याउबाट लक्षित गरिएको उत्पादन हुँदा रु सात लाखसम्म आम्दानी किसानले गर्न सक्ने भट्टराईको भनाइ छ। तालिमपछि च्याउखेतीतर्फ लागेकी बन्दीपुर गाउँपालिका-५ फलामडाँडाकी सपना गुरुङले रु ६ हजार बराबरको च्याउ बेचेको बताउनुभयो । उत्पादित च्याउ गाउँमै बिक्री भएको र घरखर्च चलाउन सहयोग पुगेको उहाँको धारणा छ । गाउँमा सामान्य खेती किसानीमात्र गर्दा जीविकोपार्जनमा गाह्रो भएको सुनाउँदै गुरुङले कम मेहनतबाट पनि नगद आम्दानी गर्न सकिने बताउनुभयो । पर्याप्त च्याउ उत्पादन गरेर अन्य ठाउँमा बिक्री गर्ने उहाँको योजना छ । यस्तै, बन्दीपुर-६ केराबारीकी धनकुमारी गुरुङले तालिमबाट आफूले धेरै कुरा सिकेको र भविष्यमा थप लगानी गरेर व्यावसायिक च्याउखेती गर्ने सोच बनाएको बताउनुभयो । तालिम लिएका



किसानले कन्य च्याउखेती गरेका छन् । कन्य च्याउ ढुसी धागोजस्तो मसिनो र सेतो रङको हुन्छ । यो च्याउखेती धानको पराल वा गहुँको छवालीमा गर्न सकिन्छ । गर्मी र जाडो दुवै मौसममा गर्न सकिने यो खेतीबाट किसानले पर्याप्त लाभ लिन सक्छन् । एक किलो परालबाट सरदरमा पाँच सय देखि छ सय ग्रामसम्म च्याउ उत्पादन गर्न सकिन्छ । बन्दीपुर गाउँपालिका-३ की चन्द्रकला भट्टराईले आम्दानीको सम्भावना देखेर तालिम लिई च्याउखेती गर्न थालेको बताउनुभयो। उहाँले आफूले सिकेको ज्ञान र सीप गाउँका अन्यलाई पनि बाँड्ने गरेको बताउनुभयो । च्याउ उत्पादन गरेर बन्दीपुरका होमस्टेमा बस्ने पाहुनालाई खुवाउने योजना बनाएको भट्टराईले बताउनुभयो । यस क्षेत्रमा च्याउखेती गर्नेमा अधिकांश महिला छन् । घरायसी कामसँगै आम्दानी पनि हुने भएपछि च्याउ उत्पादनमा संलग्न भई आत्मनिर्भर बन्ने दिशामा उनीहरु अग्रसर भएका हुन् । उत्पादित च्याउ बजारमा बिक्री गर्न सहजीकरणका लागि गाउँपालिकाले सहयोग गर्ने गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताउनुभयो । उत्पादित च्याउ जिल्लाको प्रमुख पर्यटकीय केन्द्र बन्दीपुरका होटल तथा रेष्टुरेन्ट, डुम्रे बजार, दमौलीलगायत क्षेत्रमा लैजान गाउँपालिकाले पहल गर्ने उहाँले बताउनुभयो ।

# 'जेसीज कप'को उपाधि गुठी युनाइटेडलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

गण्डकी प्रदेशस्तरीय 'जेसीज कप' फुटबल प्रतियोगिताको उपाधि ग्रेस गुराँस गुठी युनाइटेड क्लबले जितेको छ ।

बागलुङ जेसीजद्वारा आयोजित उक्त प्रतियोगिताको शनिबारभएको फाइनल खेलमा बागलुङ सुधार केन्द्रलाई टाइब्रेकरमा पराजित गर्दै युनाइटेड क्लबले तेस्रो संस्करणको जेसीज कप उपाधि जितेको हो । बाङ्गेचौर खेलमैदानमा भएको खेलको निर्धारित समयमा दुवै तर्फको एक/एक गोलको बराबरी भएपछि खेल टाइबेकरमा पुगेको थियो । टाइबेकरमा साविक विजेता बागलुङ सुधार केन्द्रविरुद्ध ४-३ गोलको जित निकाल्दै युनाइटेड क्लबले उपाधि जितेको हो । खेलको दोश्रो हाफको ५६औं मीनेटमा गुठीका विराज खत्रीले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए ।

त्यसको एक मिनेटमै बागलुङ सुधार केन्द्रबाट खेलेका अफ्रिकन खेलाडी अबेक रिचार्जले गोल फर्काएर खेललाई बराबरी गरे ।

अतिरिक्त समयमा पनि खेल बराबरी भएपछि उपाधिको छिनोफानो पेनाल्टी सुटआउटबाट भएको हो । विजेता गुठी युनाइटेड क्लबले रु दुई लाख नगद पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र पायो । उपविजेता बागलुङ सुधार केन्द्रले रु एक लाख नगद पुरस्कार, ट्रफी र मेडल प्राप्त गऱ्यो । प्रतियोगिता अवधिभर विधागत रूपमा उत्कृष्ट खेल्ने खेलाडीलाई पुरस्कृत गरिएको थियो । गण्डकी प्रदेशसभाका सदस्य दीपेन्द्रबहादुर थापाले विजेता खेलाडीलाई ट्रफी प्रदान गर्नुभयो । प्रतियोगितामा ११ टोलीले भाग लिएका बागलुङ जेसीजका अध्यक्ष सुशान्तकृष्ण श्रेष्ठले जानकारी दिए ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाव | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# दश करोड 'भ्यूज' बटुलेको 'सालको पात...' का गायक र स्रष्टा आल्हादित

**राम थापा**
गण्डकी, २५ फागुन/रासस

गायक कुलेन्द्र विश्वकर्माले त्यो बेला नै भन्नुभएको थियो, "गीतले यतिसम्म चर्चा पाउला भनेर पहिले सोचिएको थिएन ।" जतिबेला उहाँको लोकदोहोरी गीत 'सालको पातको टपरी हुनी...' युट्युब ट्रेन्डिङमा थियो । छोटो अवधिमा युट्युबमा धेरै हेरिएको/सुनिएको पहिलो लोकदोहोरी गीत बनेको थियो । विसं २०७५ असोजमा युट्युबमा सार्वजनिक उक्त गीतले हालसम्म युट्युबमा १० करोड बढी 'भ्यूज' बटुलेको छ ।

शुक्रबार गीतको 'भ्यूज'ले दश करोड पार गरेपछि गायक विश्वकर्माले गीतको सफलताको खुसी दर्शक/स्रोतालाई बाँड्नुभयो । नेपाली गीतसङ्गीतप्रतिको दर्शकको माया र साथकै कारण 'सालको पातको टपरीले...'ले सफलता पाएको उहाँले बताउनुभयो । गायक विश्वकर्मा आफ्नो साङ्गीतिक जीवनको मानक गीतका रुपमा उक्त गीतलाई लिनुहुन्छ । गीतमा गायक विश्वकर्मा र गायिका विष्णु माझीको स्वर छ । नवराज पन्तको शब्द रचना रहेको उक्त गीतमा वसन्त थापाले सङ्गीत दिनुभएको छ । गीतकार पन्तले 'सालको पातको टपरी..' लाई अत्यधिक रुचाइनुले राम्रो सिर्जनालाई स्रोता/दर्शकले पछिसम्म साथ दिँदा रहेछन् भन्ने प्रमाणित भएको बताउनुभयो । "मलाई गीतकारका रुपमा यही गीतले पहिचान दियो, राम्रो कामको प्रशंसा भइरहँदा खुसी लागेको छ", उहाँले भन्नुभयो, "नेपाली लोकदोहोरीलाई नयाँ मोड दिन सफल गीतका रुपमा प्रतिक्रिया पाउँदा आफ्नो सिर्जनाप्रति गौरवको महसुस हुँदोरहेछ ।"

हाल अमेरिकामा रहनुभएका गीतकार पन्तले उहीँ बसेर यो गीत रचना गर्नुभएको थियो । बाल्टीमोरस्थित एक कम्पनीमा काम गरिरहेका बेला गायक एवं सङ्गीतकार वसन्त थापाले गीत मागेपछि छिनभरमै पन्तले उक्त गीतको थेगो तयार पार्नुभएको थियो । "गुनुनाउँदै काम गर्दै थिएँ, एक्कासी गीतको थेगो फुऱ्यो, कागजको चिर्पेटोमा शब्द उतारेँ", पन्तले भन्नुभयो, "कामबाट कोठामा फर्केपछि गीतलाई साफी गरेर सङ्गीत भर्न वसन्त दाइलाई पठाएँ, पहिले थेगो लेखेपछि बल्ल 'सालको पातको टपरी...'को धुन तयार भएको थियो ।" पराइ भूमिमा बसेर लखेको त्यही गीतले पन्तलाई गीतकारका रुपमा थप उचाइ दियो ।

प्रायः गीतका रचनाकारबारे उतिसाह्रो चासो नलिइने र गीतकार आफ्नेलेमा पर्ने प्रवृत्तिबीच 'सालको पातको टपरी...' सार्वजनिक हुँदा गीतकार पन्तका विषयमा सङ्गीत वृत्तमा पनि उत्तिकै चर्चा चलेको थियो । उक्त गीत सफल हुनुमा शब्द, सङ्गीत र स्वर तीनै पक्षको भूमिका रहेको भन्दै प्रशंसा भयो ।

"मानवीय प्रेम र सम्बन्धमा आउने उतारचढावलाई मैले कथानक बनाएर गीतमा उतारेँ, वसन्त दाइले जीवन्त सङ्गीत दिनुभयो, कुलेन्द्र विश्वकर्मा र विष्णुमाझी जस्ता मुर्धन्य गायकगायिकाको स्वरले गीत सबैको मनप्रिय बन्यो", गीतकार पन्तले भन्नुभयो । गीतकार पन्तका 'डाँडै फुर्के सल्लो...' र 'मायालुको सहर...'मा लगायत गीत पनि चर्चित छन् । बागलुङको बागलुङ नगरपालिका-१२ अमलाचौरमा जन्मनुभएका पन्तले अमेरिकामै बसेर 'सालको पातको टपरी', 'कुन्नी कस्ले लग्यो', 'पानपाते ठूली', 'एक्लो सिमल' 'रानी महल', 'आँखी गाजल'लगायत कैयन गीत रचना गर्नुभएको छ ।

"कला र गीतसङ्गीतको सीमाना नहुने रहेछ, न त कुनै भूगोलले सिर्जनाकर्म रोक्न नै सक्दोरहेछ", गीतकार पन्तले भन्नुभयो, "जिजीविषाले जहाँ पुगे पनि मेरो गीत लेखन र अरु सिर्जनाकर्मको जमिन भनेको त्यही गाउँघर र परिवेश हो जहाँ म जन्मे, हुर्के, बढेँ ।" गायक तथा सङ्गीतकार वसन्त थापाले मौलिकता, सिर्जनात्मकता, प्रस्तुतिमा नयाँपन र साधनाले नै सर्जकलाई सफलता दिलाउने बताउनुभयो । 'सालको पातको टपरी...' गीत पनि त्यसकै उदाहरण रहेको उहाँको भनाइ छ ।

"आफ्नो सिर्जनाकर्मबाट सन्तुष्ट छु, एउटा सर्जक पनि व्यावसायिक भएर बाँच्न सक्छ भन्ने उदाहरण स्थापित पनि भएको छ", थापा भन्नुभयो । समाजमा सुसुप्त अवस्थामा रहेका मौलिक लोकभाकालाई टिपेर त्यसलाई नयाँपन दिनमा उहाँ पोख्त हुनुहुन्छ । लोकदोहोरीमा भरिने सङ्गीत अहिले व्यावसायिक बनेको र नयाँनयाँ प्रयोग पनि भइरहेको उहाँले बताउनुभयो । "पहिले सरसापटीमा लय दिने अथवा मैले यस्तो गीत रचेको छु भनेर गाउने प्रचलन थियो, अहिले त्यो छैन, गायक तथा निर्माताहरु स्वयं नै सङ्गीत चाहियो भनेर आउनुहुन्छ", सङ्गीतकार थापाले भन्नुभयो ।

झ्याउरे लयमा ठेट शब्द र मनछुने स्वरका कारण 'सालको पात...'लाई अत्यधिक स्रोता/दर्शकले रुचाएको उहाँले बताउनुभयो । उक्त गीतको म्युजिक भिडियोमा नायिका मरिष्का पोखरेलसँगै गायक विश्वकर्मा र सङ्गीतकार थापाको अभिनय छ । गीतको सङ्गीत संयोजन आशिष अविरलले गर्नुभएको छ। म्युजिक भिडियोको निर्देशन शिव विकले गर्नुभएको छ । गीतमा प्रेममा सिर्जित अविश्वास र त्यसको भोगाइको कथा छ । अभ्यास डिजिटल म्युजिक प्रालिद्वारा निर्मित उक्त गीत 'वसन्त थापा' युट्युब च्यानलबाट विसं २०७५ असोज १ गते सार्वजनिक गरिएको थियो ।

गीतका बारेमा युट्युबमा झण्डै १६ हजार बढीले प्रतिक्रिया जनाएका छन् । दश करोड 'भ्यूज' नाघेपछि उक्त गीतको पुनःचर्चा भइरहेको छ । गीत हेर्ने, लाइक, कमेन्ट, शेयर र सस्सक्राइब गर्नेको सङ्ख्याको आधारमा युट्युबमा गीतको सफलता मापन हुन्छ । सोही आधारमा कलाकारले पैसा पाउँछन् । पैसा आउनका लागि तोकिएको सङ्ख्यामा हेरिनुपर्ने र सस्सक्राइबर (युट्युब च्यानलको समूह सदस्य) पुग्नुपर्ने प्रावधान छ । सुरुमा युट्युब एकाउन्ट परीक्षणमा रहने र मोनिटाइज भएपछि मात्र पैसा आउने सर्जक बताउँछन् । श्रव्य क्यासेट, सिडी, सिआरविटी हुँदै सङ्गीत व्यवसाय अहिले युट्युबमा केन्द्रित छ ।

# बाँस्थला गनगने पँधेराखोला खानेपानी समितिको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन



बाँस्थला गनगने र पँधेराखोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति पोखरा १३ आर्वाको २०औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

साधारण सभाको उदघाटन गर्दै पोखरा महानगरपालिका वडानं १३ का वडा अध्यक्ष किरण बरालले खानेपानी जस्तो संवेदनशिल विषयमा वडा कार्यालयबाट आवश्यक पर्ने पाईप तथा प्राविधिक लगायत सबैखालका सहयोगहरु उपलब्ध गराउने जानकारी दिए ।

वडा अध्यक्ष बरालले मौजुदा खानेपानी को अपुग हुने बित्तिकै लिफ्ट सिष्टमबाट नयाँ खानेपानी योजना सञ्चालन गर्ने वचन दिए। उनले भने " आर्वामा अब लिफ्ट प्लाण्टबाट उपभोक्तालाई खानेपानी उपलब्ध गराईने छ ।" हामी सँग धेरै तेस्ता योजना छन् जो तत्काल उपभोग गर्न सक्ने हुनेछन् " उनले भने ।

"विकाश निर्माणमा आर्वा धेरै अगाडी बढी सकेको भन्दै वडा अध्यक्ष बरालले शिक्षा, स्वास्थ्य, खेलकुद,सडक निर्माण, खानेपानी लगायतको बिकाशमा आँफु लागिरहेको बताउँदै सबै उपभोक्ता ले आ-आफ्नो ठाउँबाट सहयोग गर्न समेतआग्रह गरे ।

बाँस्थला गनगने र पँधेराखोला खानेपानी उपभोक्ता तथा सरसफाई समितिका अध्यक्ष बद्रीप्रसाद देबकोटा को अध्यक्षतामा सम्पन्न भएको साधारण सभामा समितिका संस्थापक अध्यक्ष नरबहादुर बरालले १७ वर्ष सम्म आफुले समितिको नेतृत्व गर्दा र उपभोक्तालाई खानेपानी खुवाउने सवालमा पाएको दुख हण्डर अनि अनुभव साट्दै उपभोक्ताको जिम्मेवारी नै महत्वपूर्ण रहने बताए ।

कार्यक्रममा पत्रकार श्रीराम सिग्देलले यो खानेपानी समितिका हरेक उपभोक्ताहरु हरबखत सचेत ,चेतनशील र जिज्ञासु बन्नु पर्ने बताउँदै खानेपानी समितीले उपभोक्ता जागरण कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा समाजसेवी बसन्त शर्मा अधिकारी, जगगादाता यमकुमारी बराल, अमरज्योती प्राबिका प्रअ बिमलबहादुर बराल, उपभोक्ता देवराज पौडेल , राधाकृष्ण बराल लगायतले शुभकामना मन्तव्य व्यक्त गर्दै खानेपानी समिति र उपभोक्ता बिच आफ्नो दायित्व र कर्तव्य का विविध पक्षबारे धारणा राखेका थिए ।

साधारण सभामा अध्यक्ष बद्रीप्रसाद देबकोटा द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष मधु बरालले प्रस्तुत गरेको २०८०/ ८१ को आय व्यय प्रतिवेदन सर्वसम्वत पारित गरिएको थियो ।

सो अवसरमा लामो समयदेखि खानेपानी समितिमा रहेर महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै नरबहादुर बराल, घनश्याम बराल, साबित्री सिग्देल, कुलप्रसाद बराल, रुद्रनाथ बराल, राधाकृष्ण बराल, गोबिन्दप्रसाद बराल, र शकुन्तला परियारलाई सम्मान गरिएको थियो । कार्यक्रममा स्वागत उपाध्यक्ष राजनकुमार सिग्देलले तथा कार्यक्रमको सञ्चालन सदस्य मुक्ती बरालले गरेका थिए । झण्डै २ सय ८० उपभोक्ता रहेको सो खानेपानी समितिमा साविक आर्वा विजय गाविसका वडानं २,३,४,५ र६ वडाका उपभोक्ता सदस्य रहेका छन् भने करीब ८ किमी टाढाबाट खानेपानी ल्याई उपभोक्तालाई मिटर सिष्टम मार्फत पिउने पानी उपलब्ध गराईएको छ ।

# पोखरा जोड्ने तीन सडक स्तरोन्नति हुँदै

**रासस**
गण्डकी, २५ फागुन

पर्यटन राजधानी पोखरा जोड्ने तीन सडक यतिबेला स्तरोन्नतिको चरणमा छन् । पोखरा-मुग्लिन सडक, पोखरा-लमजुङ सडकअन्तर्गत तालचोक-बेगनास र मध्यपहाडी लोकमार्गको हरिचोक-याम्दी खण्ड कालोपत्र हुने भएको छ ।

पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम (पोखरा-जामुने) खण्डमा हालसम्म ४३.३४ प्रतिशत भौतिक प्रगति भएको छ । आयोजनाका इन्जिनियर सौजन्य नेपालका अनुसार हालसम्म २९.४७ किमि सडक कालोपत्र भएको छ । चार लेनको उक्त सडकमा १५.३२ किमिमा दुईतर्फी र १४.१५ किमिमा एकतर्फी कालोपत्र भइसकेको छ । "तनहुँमा साढे दुई किमि कालोपत्र हुन बाँकी छ, कास्की खण्डमा पनि अहिले धमाधम कालोपत्र भइरहेको छ", उहाँले भन्नुभयो, "आगामी वर्षभित्र काम सक्ने लक्ष्य लिइएको छ ।"

चिनियाँ निर्माण कम्पनी यनहुई काइयुवान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले विसं २०७८ देखि उक्त खण्डको काम सुरु गरेको थियो । पोखराको चाउथे, अन्तरराष्ट्रिय विमानस्थलदेखि अमरसिंहचोक,बुढीबजारलगायत क्षेत्रमा पर्ने सडक स्तरोन्नति भइरहेको इन्जिनियर नेपालले जानकारी दिनुभयो । पोखरा महानगरपालिका-२७तालचोकदेखि गगनगौंडासम्मको खण्डमा पनि निर्माणले गति लिएको उहाँले बताउनुभयो । कास्की र तनहुँमा पर्ने पश्चिम खण्डको तीन वर्षे ठेक्का अवधि गत भदौमा सकिएपछि निर्माण कम्पनीले म्याद थपेर काम गरिरहेको छ । पश्चिमतर्फ तनहुँको थर्पु, तुरतुरे, कास्कीको तल्लो गगनगौंडालगायत खण्डमा कालोपत्र भइसकेको छ । तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्मको आधा सडक छ लेन र आधाजति चार लेनको बन्ने इन्जिनियर नेपालले जानकारी दिनुभयो ।

विजयपुर खोला र सेती नदीमा पुल निर्माण सँगसँगै भइरहेको उहाँको भनाइ छ । ३८.८८ किमि दुरीको पश्चिम खण्डमा पर्ने १२ वटामध्ये नौ वटा सडक पुल निर्माणको अन्तिम चरणमा रहेको आयोजना कार्यालयले जनाएको छ । चिनियाँ निर्माण कम्पनीले रु सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्ड निर्माणको जिम्मा लिएको हो । कुल ८१ किमि दुरीको पोखरा-मुग्लिन सडक एसियाली विकास बैङ्कको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको हो । कूल ४१.४५ किमिको पूर्वी खण्डमा पनि विसं २०७८ वैशाखदेखि निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम सुरु गरेको थियो । पूर्वी खण्डमा सडक स्तरोन्नति र कालोपत्रको काम अन्तिम चरणमा पुगेको आयोजना कार्यालयले जनाएको छ । पोखरादेखि रुपा गाउँपालिका हुँदै लमजुङ जोड्ने सडकअन्तर्गत पोखरा-२७ तालचोकदेखि ३१ बेगनास जोड्ने चार लेनको सडक कालोपत्रका लागि पूर्वाधार तयारीको काम भइरहेको छ । विसं २०७९ चैतदेखि निर्माण थालिएको उक्त सडक विश्व बैङ्कको सहुलियत ऋणमा बन्न लागेको हो ।

कूल ३.२८ किमिको उक्त सडकको हालसम्म भौतिक प्रगति ४५ प्रतिशत पुगेको पोखरा महानगरपालिकाको सडक शाखाका इन्जिनियर नवीन गौतमले बताउनुभयो । निर्माण कम्पनी 'स्वच्छन्द-सपना-वर्ल्डवाइड जेबी'ले ठेक्का सम्झौता भएको एक वर्षपछि बल्ल सडक निर्माणको काम सुरु गरेको थियो । रु एक अर्ब ४९ करोडको लागत योजना रहेपनि निर्माण कम्पनीसँग भ्याटबाहेक रु ७५ करोड ४८ लाखमा ठेक्का सम्झौता भएको इन्जिनियर गौतमले बताउनुभयो।फुटट्र्याक, साइकल लेन र पार्किङसहितको नुमना सडक बन्ने उहाँको भनाइ छ । सडक छेउछाउमा बगैँचा, सडकबत्तीलगायत पूर्वाधार बनाइने महानगरपालिकाले जनाएको छ । सडकमा तीन वटा पुल निर्माणाधीन अवस्थामा छन् । सडक विस्तार, कल्भर्ट, नाला र पर्खाल निर्माण भइरहेको इन्जिनियर गौतमले बताउनुभयो । इन्जिनियर नेपालले आगामी असारसम्म उक्त सडक कालोपत्र गर्ने लक्ष्य लिइएको बताउनुभयो । गण्डकी प्रदेशको राजधानीसमेत रहेको पोखरासँग जोडिएको राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत हरिचोक-याम्दी खण्ड कालोपत्रका लागि पूर्वाधार तयारीको काम भइरहेको छ । पर्वतस्थित लोकमार्ग आयोजना कार्यालयका अनुसार कालोपत्रका लागि 'प्लान्ट' राख्ने काम भइसकेको छ । करिब २२ सय मिटर दुरीको उक्त सडक समयमा कालोपत्र नहुँदा जनगुनासो बढेको थियो । चार लेनमा सडक विस्तारसँगै नाली, पर्खाल, कल्भर्ट निर्माणलगायतका काम सकिएको जनाइएको छ । दुई वर्षमा सक्ने गरी विसं २०७९ साउनमा काठमाडौँको मोतीदान कन्स्ट्रक्सन सेवा प्रालिले उक्त सडक निर्माणको जिम्मा लिएको थियो । निर्माण कम्पनीको ढिलासुस्तीका कारण सडक समयमा निर्माण हुन सकेको थिएन । दुवैतर्फ चार लेनको सडक बनिसक्दा पनि उक्त खण्ड समयमा निर्माण नहुँदा लोकमार्गको यात्रा सास्तीपूर्ण बनेको थियो । विद्युत् पोल, खानेपानी व्यवस्थापन, भुक्तानी समस्या जस्ता कारणले पनि सडक निर्माणमा ढिलाइ भएको जनाइएको छ । आयोजना कार्यालयले ठेक्का तोड्ने चेतावनी दिएपछि निर्माण कम्पनीले कामको गति बढाएको थियो । एकसाथ तीन ठूला सडक निर्माणका क्रममा रहेकाले पर्यटकीय राजधानी पोखराको यातायात सेवा केही असहज भने बनेको छ ।

# हिमपात हुँदा किसान खुसी



**पोखरापत्र संवाददाता**
मनाङ, २५ फागुन

जिल्लाका माथिल्लो भेगमा आंशिक हिमपात हुनथालेपछि हिमालमा हिउँ देखिन थालेको छ ।

ढिला गरी भएको हिमपातले हिमाल टलक्क टल्केका देखिन्छ । पछिल्लो दिनमा जिल्ला सदरमुकाम चामेदेखि माथिल्लो मनाङसम्म हिमपात हुँदै आएको छ । तल्लो क्षेत्रमा भने हालसम्म हिउँ पर्न सकेको छैन । माथिल्लो क्षेत्रमा हिमपात हुँदा यहाँका हिमालमा हिउँ देखिन थालेको छ भने समयमा हिमपात नहुँदा चिन्तित बनेका यहाँका किसानमा खुसी भएका छन् ।

हिमपातले खेतीपातीमा सहयोग पुग्ने किसान याङदुङ गुरुङले बताउनुभयो । "हिउँकै भरमा खेती गर्ने हामीलाई समयमा हिउँ नपर्दा समस्या हुने गरेको छ, ढिला गरी हिउँ पर्दा सिँचाइ राम्रोसँग हुन पाउँदैन तर पनि केही राहतचाहिँ हुन्छ", उहाँले भन्नुभयो, "पानीको काम नै हिउँले गर्छ ।" हिउँ नपरेको बेलामा समेत चिसोले यहाँका खोलानाला, झरना, तालका पानी जम्ने भएकाले सिँचाइमा समस्या हुने गरेको उहाँले बताउनुभयो । यहाँ पानी मुहानमै जमेर समस्या हुने भएकाले सिँचाइका अन्य विकल्प उपयोग गर्नमा सकस हुने गरेको छ । विभिन्न आयोजना तथा योजना परे पनि मुहानमा चिसोले जम्ने हुँदा सिँचाइका वैकल्पिक तवरबाट किसानले सिँचाइ गर्न सक्दैनन् । किसान सेराप विष्टले मुहानमै पानी जम्ने हुँदा वैकल्पिक तरिकाबाट सिँचाइ गर्न नसकिने बताउनुभयो । "पानीको मुहान लामो दूरीमा हुन्छ, सीमित आयोजनाले पूरा गर्न सक्दैन, धेरै समस्या रहेको छ", उहाँले भन्नुभयो ।

ढिला गरी परेको हिउँले स्याउखेती, तरकारी तथा खाद्यान्न उत्पादनमा सहयोग गर्ने उहाँले बताउनुभयो । हिमालमा हिउँ देखिन थालेपछि पर्यटकको आकर्षण बढ्दै गएको छ । पहिले कालापत्थर देखिने हिमालमा हिउँ देखेपछि लोभिन थालेका पर्यटक बताउँछन् । यतिबेलाको समयमा पर्यटक आउनुपर्ने उनीहरू बताउँछन् । समयमाहिमपातभइरहेकोअवस्थामा सेतामै देखिने हिमालले अझ पर्यटकलाई आकर्षित गर्ने स्थानीय बताउँछन् । जिल्लामा पर्यटक आगमनको याम सुरु भएको छ । दुई याम गरी मनाङमा पर्यटक घुम्न आउने गर्छन् । दुई याममको छुट्टाछुट्टै रकम तिर्नुपर्ने प्रावधान निर्धारण गरिएको छ । पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नुका साथै मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा निस्कन्छन् । लामो दूरीको पदयात्रामा अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा छ । अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएको छ । काठमाडौँबाट बेँसीसहरसम्म सवारीसाधनमार्फत पर्यटक आउने गर्छन् र पदमार्गबाट मनाङका विभिन्न स्थानको अवलोकनसहित यात्राको सुरुआत गर्दछन् ।